मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

● वर्ष २ ● अंक २३७ ● २०८१ साल श्रावण ०१ गते मंगलबार ● Tuesday 16, July 2024 ● सूर्योदयः बिहान ५:२१ बजे ● सूर्यास्तः साँझ ७:०१ बजे ● पृष्ठ ४ ● मूल्य रु. ५/-

## बढ्यो पेट्रोल र डिजेलको मूल्य



**मधेशदृष्टि**
**वीरगंज ।**
नेपाल आयल निगमले फेरि पेट्रोलियम पदार्थको मूल्य बढाएको छ । सोमबार राति १२ बजेदेखि लागु हुने गरी निगमले पेट्रोलको मूल्य प्रतिलिटर चार रुपैयाँ र डिजलेको मूल्य प्रतिलिटर तीन रुपैयाँले बढाएको हो । निगमका अनुसार इन्डियन आयल कर्पोरेसनबाट सोमबार पेट्रोलको मूल्य प्रतिलिटर ४.४८ र डिजेलको मूल्य प्रतिलिटर २.८३ रुपैयाँले बढेर आएको छ ।

# ओली सरकारमा एक चौथाइ मधेशका मन्त्री




**महेश कठायत**
**वीरगंज ।**
नेपाली कांग्रेस र नेकपा एमालेबीचको सहमतिअनुरुप केपी शर्मा ओली नेतृत्वको नवगठित सरकारले पूर्णता पाएको छ । प्रधानमन्त्री पदको शपथ लिएसँगै ओलीले चार दलबाट २१ जना मन्त्री समेटेर मन्त्रिमण्डल गठन गरेका छन् । कांग्रेस, एमालेसहित गठबन्धन सरकारमा मधेश केन्द्रित दल जनता समाजवादी पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी पनि सहभागी बनेको छ ।

दुई उपप्रधानमन्त्रीसहित २२ सदस्यीय मन्त्रिमण्डलमा सबैभन्दा धेरै ६ जना मधेश प्रदेशबाट मन्त्री बनेका छन् । मधेश प्रदेशको पर्सा जिल्लाका ३ सांसद, सप्तरीका २ सांसद, महोत्तरीका एक सांसद मन्त्री बनेका हुन् । दलीय आधारमा हेर्दा मधेश प्रदेशबाट मन्त्री बनेका ६ जना मन्त्रीमध्ये कांग्रेसका २, एमालेका १, जनता समाजवादी पार्टीका २ र लोकतान्त्रिक समाजवादी पार्टीका १ सांसद छन् ।

पर्सा–१ बाट निर्वाचित सांसद जनता समाजवादी पार्टीका प्रदीप यादव खानेपानी मन्त्री, पर्सा–२ बाट निर्वाचित सांसद नेपाली कांग्रेसका अजयकुमार चौरसिया कानुन न्याय तथा संसदीय मामिला मन्त्री र पर्सा–३ बाट निर्वाचित सांसद नेकपा एमालेका राजकुमार गुप्ता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री बनेका हुन् । उनीहरुको वरियता, क्रमशः ८, १५ र २१ छ ।

त्यस्तै, सप्तरी–४ बाट नेपाली कांग्रेसका तेजुलाल चौधरी युवा तथा खेलकूद मन्त्री, सप्तरी–१ बाट जनता समाजवादी पार्टीका नवलकिशोर साह सुडी महिला, बालबालिका तथा जेष्ठ नागरिक मन्त्री र महोत्तरी–२ बाट लोकतान्त्रिक समाजवादी पार्टीका शरतसिंह भण्डारी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री बनेका छन् ।

**● दुई महिला, दलित शून्य**

केपी शर्मा ओली नेतृत्व नवगठित सरकारमा कांग्रेसबाट १०, एमालेबाट ८, जनता समाजवादी पार्टीबाट २ र लोकतान्त्रिक समाजवादी पार्टीबाट १ मन्त्री छन् । प्रधानमन्त्री ओलीले विष्णुप्रसाद पौडेललाई उपप्रधानमन्त्री एवम् अर्थमन्त्री र प्रकाशमान सिंहलाई उपप्रधानमन्त्री एवम् शहरी विकास मन्त्रालयको जिम्मेवारी दिएका छन् ।

२२ सदस्यीय मन्त्रिमण्डलमा परराष्ट्रमन्त्री आरजु राणा देउवा र शिक्षामन्त्री विद्या भट्टराई मात्रै महिला मन्त्री छन् । मन्त्रिमण्डलमा दलित समुदायबाट एक जना पनि समेटिएका छैन । कांग्रेसका सहमहामन्त्री जीवन परियार र एमालेका छविलाल विश्वकर्मा मन्त्री बन्ने चर्चा भए पनि मन्त्रिमण्डलमा अटाउन सकेनन् । त्यस्तै, मन्त्रिमण्डलमा मुस्लिम समुदायको पनि प्रतिनिधित्व हुन सकेन । संविधानले २५ सदस्यीय मन्त्रिपरिषद् बनाउन पाइने सुविधा दिएकोले प्रधानमन्त्रीले अब ३ जना राज्यमन्त्री मात्र नियुक्त सक्नेछन् ।

**● पहिलो पटक मन्त्री बनेकाहरु**

प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारमा नौ सांसद पहिलोपटक मन्त्री बनेका छन् । दुई उपप्रधानसहित २२ सदस्यीय मन्त्रीपरिषद्मा प्रधानमन्त्री ओलीले नियुक्त गरेका २१ मध्ये नौ जना पहिलोपटक मन्त्री बनेका हुन् ।

जसमा नेपाली कांग्रेसबाट परराष्ट्रमन्त्री आरजु राणा देउवा, स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेल, पर्यटनमन्त्री बद्री पाण्डे, कृषिमन्त्री रामनाथ अधिकारी र वनमन्त्री ऐनबहादुर शाही पहिलोपटक मन्त्री बनेका हुन् । त्यसैगरी, नेकपा एमालेबाट भौतिक पूर्वाधार तथा यातायातमन्त्री देवेन्द्र दाहाल, शिक्षामन्त्री विद्या भट्टराई, रक्षामन्त्री मानवीर राई र संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता पहिलोपटक मन्त्री बनेका हुन् ।

**● २०औँ पटक मन्त्री**

महोत्तरी निर्वाचन क्षेत्र नम्बर २ बाट निर्वाचित सांसद शरतसिंह भण्डारी २० औँ पटक मन्त्री बनेका छन् । झण्डै चारदशकको अवधिमा दल बदल्दै चुनाव लड्ने गरेका भण्डारी २० औँ पटक लोकतान्त्रिक समाजवादी पार्टीबाट श्रममन्त्री बनेका हुन् । पञ्चायत, प्रजातन्त्र र गणतन्त्र गरी तीन वटै व्यवस्थामा सरकारमा सहभागी भएका नेता भण्डारी २०४३ सालमा मरिचमान सिंह श्रेष्ठ नेतृत्वको सरकारमा पहिलो पटक पञ्चायत तथा स्थानीय विकास सहायकमन्त्री भएका थिए ।

## प्रधानमन्त्रीद्वारा पदबहाली



**मधेशदृष्टि**
**वीरगंज ।**
नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीले सिंहदरबारस्थित प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पदबहाली गरेका छन् । राष्ट्रपति रामचन्द्र पौडेलसमक्ष सोमबार नै राष्ट्रपति भवन, शीतल निवासमा पद तथा गोपनीयताको शपथ लिएपछि प्रधानमन्त्री ओलीले लैनचौरस्थित शहीद पार्कमा शहीदप्रति श्रद्धाञ्जलि अर्पण गरे । च्यासलस्थित नेकपा एमालेको कार्यालयमा जननेता मदन भण्डारीको सालिकमा माल्यार्पण गरेपछि प्रधानमन्त्री ओलीले सिंहदरबारमा कार्यभार सम्हालेका हुन् । प्रधानमन्त्री ओली कार्यालय प्रवेश गर्दा नेपाल सरकारका निमित्त मुख्यसचिव लीलादेवी गड्तौला, सचिवलगायत उच्चअधिकारीहरूले उनलाई स्वागत गरेका थिए । राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा, ७६ (२) बमोजिम नेपाली कांग्रेस र नेकपा एमालेको समर्थनमा एमालेका अध्यक्ष ओलीलाई आइतबार मुलुकको ४५औँ प्रधानमन्त्रीका रुपमा नियुक्त गरेका थिए ।

## प्रहरीकै ‘इशारा’मा ग्रामीण भेगबाट तस्करी



**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको ग्रामीण भेगका विभिन्न नाकाबाट धमाधम तस्करीको लाइन खुलेपछि तस्करलाई भ्यानभ्याइजस्तै भएको छ । पर्सा सदरमुकाम वीरगंजमा प्रहरीले तस्करीमा कडाई गरेपछि तस्करहरु ग्रामीण भेगका नाकातिर आकर्षित भएका हुन् । सीमा क्षेत्रमा खटिने सशस्त्र प्रहरी र त्यस क्षेत्रका नेपाल प्रहरीका युनिटको मिलोमतोमा तस्कारी मौलाएको स्थानीय बताउँछन् ।

ग्रामिण भेगको प्रसौनीभाठ्ठालगायतका नाकाबाट केही दिनदेखि चोरीतस्करी खुलेआम भइरहेको स्थानीय बताउँछन् । स्थानीयका अनुसार यहाँका नाकाबाट दर्जनभन्दा बढी तस्कर लाइन मिलाएर काम गरिरहेका छन् । तस्करबाट सशस्त्र प्रहरीका अधिकृतहरु त मालामाल भएकै छन्, इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक (इन्स्पेक्टर) राजन ढकाललाई पनि आकर्षक महिनावारी मिलिरहेको छ । दुई महिनापहिला मात्र इलाका

*बाँकी पृष्ठ २ मा*

## प्रधानमन्त्री नियुक्तिविरुद्ध सर्वोच्चमा रिट

प्रधानमन्त्री केपी शर्मा ओलीको नियुक्तिविरुद्ध सर्वोच्च अदालतमा रिट दायर भएको छ । प्रधानमन्त्रीमा ओलीको नियुक्ति गैरसंवैधानिक भन्दै अधिवक्ताहरू दीपक अधिकारी, खगेन्द्रप्रसाद चापागाईं र शैलेन्द्रकुमार गुप्ताले उत्प्रेषणयुक्त परमादेश माग गर्दै सर्वोच्चमा रिट दायर गरेका हुन् । सर्वोच्च अदालतका सूचना अधिकारी गोविन्दप्रसाद घिमिरेका अनुसार रिटमाथि सुनुवाइका लागि साउन ६ गते पेसी तोकिएको छ । रिटमा संविधानको धारा ७६(२) बमोजिम सरकारले विश्वासको मत नपाएको अवस्थामा सरकार गठनका लागि राष्ट्रपतिले संविधानको धारा ७६(३) बमोजिम सरकार गठनका लागि आह्वान गर्नुपर्ने उल्लेख गरिएको छ । रिटमा राष्ट्रपति कार्यालय, संघीय संसद् सचिवालय, कांग्रेस संसदीय दलका नेता शेरबहादुर देउवा, नेकपा एमाले संसदीय दलका नेता केपी शर्मा ओलीलगायतलाई विपक्षी बनाइएको छ ।

*रोटीको भन्दा प्रेमको भोक मेटाउन धेरै कठिन हुन्छ ।*

*–मदर टेरेसा*

## सम्पादकीय

# मधेशका मन्त्रीको लर्कन र विकासको दर्पण

*मधेश प्रदेशबाट यसपटक पनि यथेस्ट मन्त्रीहरु नियुक्त भएका छन् । देशमा मन्त्री धेरै बन्नेमा पनि मधेशले रेकर्ड तोडेको छ । २० औँ पटक शरतसिंह भण्डारीले मन्त्रीका रुपमा शपथ लिएका छन् । दुई उपप्रधानमन्त्रीसहित २२ सदस्यीय मन्त्रिमण्डलमा मधेश प्रदेश अर्थात् ८ जिल्लाबाट ६ जना मन्त्री बनेका छन् । त्यसमा पनि पर्सा जिल्ला अरु भाग्मानी बनेको छ । पर्सा जिल्लाको क्षेत्र नम्बर, क्षेत्र नम्बर २ र क्षेत्र नम्बर ३ बाट मन्त्री बनेका छन् । एउटा जिल्लाबाट ३ जना मन्त्री हुनु चानचुने होइन । यसपछि सप्तरीबाट २ जना मन्त्री बनेका छन् । महोत्तरीका एक जना मन्त्री बनेका छन् । पूर्वको सप्तरी, मध्येको महोत्तरी र पश्चिमको पर्साबाट ६ मन्त्री बनिरहँदा आधा चैँ फेरि दोहोरिएका छन् । यसअघिको सरकारमा पनि मन्त्री भएकाहरु छन् । नेपाली कांग्रेसका २, नेकपा एमालेका १, र जनता समाजवादी पार्टीका २ तथा लोकतान्त्रिक समाजवादी पार्टीका १ सांसद मन्त्री भएका छन् । यीमध्ये पार्टी फोरेर अघिल्लो सरकारमा मन्त्री भएका दुई जना नै मन्त्री छन् । लोसपाका मन्त्री पनि फेरि दोहोरिएका छन् । नेपाली कांग्रेस र नेकपा एमालेले मन्त्री बनाउनु पर्दा पर्सालाई रोजेका छन् । पर्सा यस्तो भाग्यमानी जिल्ला भएको छ कि, यसअघि मन्त्री रहेका रमेश रिजाल पर्सा क्षेत्र नम्बर ४ का सांसद हुन् । ४ वटै क्षेत्रका सांसद मन्त्री हुनेमा पर्सा अरु भाग्यमानी मान्नु पर्छ ।*

*पर्सा–१ बाट निर्वाचित जनता समाजवादी पार्टीका प्रदीप यादव खानेपानी तथा सरसफाइ मन्त्री, पर्सा–२ बाट निर्वाचित सांसद नेपाली कांग्रेसका अजयकुमार चौरसिया कानून न्याय तथा संसदीय मामिला मन्त्री र पर्सा–३ बाट निर्वाचित सांसद नेकपा एमालेका राजकुमार गुप्ता संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री बनेका छन् । तीन वटै मन्त्रालय जनता र कर्मचारीसँ जोडिएको मन्त्रालय हुन् । कानूनी अड्चनले कैयौँ जनता सास्ती खेपिरहेका छन् । उनीहरुका मर्म बुझेर कानून संशोधन र परिमार्जन मात्र गर्न सके पनि जनतालाई राहत हुनेछ । मधेश आफैँमा पानीले काकाकुल हुने प्रदेशमा पर्छ । यस्तो अवस्थामा खानेपानी मन्त्री पर्साले पाउनु काम गर्ने अवसर हो । पहिला स्वास्थ्यमन्त्री रहेका यादव खानेपानी मन्त्री भएका छन् । उनको पनि परीक्षण शुरु भएको छ । स्वास्थ्यमन्त्री हुँदा वीरगंजको अस्पताललाई १ अर्ब रुपैयाँ बजेट आउँछ भनेर चर्चा गरेका मन्त्री बजेट आएपछि आफैँ हिस्स भएका थिए । त्यसपछि उनको आलोचना शुरु भएको थियो । अहिले मन्त्रालय फेरिएको छ । यतिखेर पनि बोली भन्दा काममा ध्यान दिन जरुरी छ । यस्तै, सप्तरी–४ बाट नेपाली कांग्रेसका तेजुलाल चौधरी युवा तथा खेलकूद मन्त्री, सप्तरी–१ बाट जनता समाजवादी पार्टीका नवलकिशोर साह सुडी र महोत्तरी–२ बाट लोकतान्त्रिक समाजवादी पार्टीका शरतसिंह भण्डारी श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्री बनेका छन् ।*

*सत्ताका लागि पार्टी फोर्ने, जुन सरकार आए पनि पदका लागि समर्थन दिने र एक दुई थान मन्त्रीमा आफू छिरिहाल्ने मधेशको नयाँ तथा पुराना पुस्ताको पुरानै रोग हो । पद ठूलो कुरा होइन, पदमा रहँदा के बोलियो, के गरियो भन्ने ठूलो कुरा हो । विभिन्न पृष्ठभूमिका राजनीतिक व्यक्तित्वहरु मन्त्री भएका छन् । मधेशका जनताको अपेक्षामा लात हान्ने काम नहोस् । यही कामना छ ।*

# महतोलाई पटनामा सम्मान



**मिश्रीलाल मधुकर**
**भारत ।**

मगहीभाषाका साहित्यकार भुवनेश्वर महतोलाई आइतबार पटनामा डा. रामप्रसाद सिंह अन्तर्राष्ट्रिय साहित्य पुरस्कारबाट सम्मानित गरिएको छ । उनले मगहीभाषामा शब्दकोष प्रकाशित गरेका छन् । पुरस्कार कार्यक्रम उद्घाटन भारतका केन्द्रीय मन्त्री जितनराम माझीले गरेका हुन्। उनले संरक्षणबिना मगहीभाषाको विकास सम्भव नहुने बताए । उनले मगहीभाषाको अष्टम सूचीमा समावेशको माग भारत सरकारबाट पूरा हुने क्रममा प्रयासरत रहेको बताए । नेपालमा १४ लाख नागरिकले बोल्ने प्रमुख अतिथि पूर्वमन्त्री भरत साहले बताए । प्रो.उपेन्द्र नाथ वर्माको अध्यक्षतामा सम्पन्न कार्यक्रममा पाटलीपुत्र विश्वविद्यालयका उपकुलपति प्रा. आरके सिंह, मगध विश्वविद्यालय बोधगयाका उपकुलपति प्रा. शशिप्रसाद शाही, हिन्दी साहित्य सम्मेलन पटनाका अध्यक्ष डा. अनिल सुलभ, मगही अकादमी पटनाका अध्यक्ष उदयशंकर वर्मालगायतको उपस्थिति थियो । कार्यक्रममा कवि सम्मेलन तथा सांस्कृतिक कार्यक्रम भएको थियो ।

# कस्ता छन् हाम्रा मन्त्रीहरु ?

**मधेशदृष्टि डेक्स**

### शेयर बजारका चम्किला तारा



असार १८ गते सेयरबजार खुल्नुपूर्वको १५ मिनेटको 'प्रि–ओपन सेसन'मा २३ अंकले नेप्से बढ्यो । त्यसलगत्तै खुलेको बजारमा तीन पटकसम्म सकारात्मक सर्किट लाग्यो । एक मिनेटको समयमा सर्किट लेभलमा पुगेको नेप्से अर्को ३ मिनेटको कारोबारबाट १०८ अंकले बढ्न पुग्यो । अघिल्लो दिन १५ अंकले बढेको बजारअघिका ८ दिन रातापम्मे थिए । १७ गते रातापम्मे बजारले करेक्सन मात्र लिएको आम बुझाइ थियो । त्यही दिन मौजुदा सत्ता समीकरण बदलिने निश्चित भयो । अर्थात् नेकपा एमाले र नेपाली कांग्रेसबीच नयाँ गठबन्धनको सहमति भयो । संसदका दुई ठूला दल मिलेर नयाँ सरकार बन्ने पक्कापक्की देखिएपछि एमालेले पुनः अर्थमन्त्रीमा विष्णु पौडेललाई ल्याउने चर्चा चल्यो । बदलिँदो राजनीतिक समीकरणको माहोललाई भोलिपल्टै अर्थात् १८ गते सेयरबजारले सकारात्मक रुपमा लियो । पौडेल अर्थमन्त्री बन्ने खबरसँगै बजारमा नेप्सेले तीन पटकसम्म सकारात्मक सर्किट मा¥यो । बजारमा विष्णु पौडेललाई लिएर सकारात्मक सर्किट लागेको यो पहिलो पटक होइन । उनलाई सेयरबजारले पटक–पटक 'बुल ब्रान्ड' बनाएको तथ्य विगतको कारोबारमा देखिन्छ । जब अर्थ मन्त्रालयमा उनको इन्ट्री हुन्छ वा हुने सम्भावना प्रबल देखिन्छ तब सेयरबजारले सर्किट मात्रै हान्दैन, लगातार बढ्छ पनि । यो विगतदेखिकै ट्रेन्ड हो । नेकपा एमालेका उपाध्यक्ष पौडेलले अर्थमन्त्रीको रुपमा तीन कार्यकाल बिताइसकेका छन् । उनी अर्थमन्त्री रहेका समयमा सेयरबजार बुलिस (नेप्से सूचक क्रमशः बढिरहनु) ट्रेन्डमा रहेको थियो । उनी पाँचौँपटक मन्त्री भएका हुन्।

०००० 

### व्यापारी मन्त्री



राजकुमार गुप्ता संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री बनेका छन् । नेकपा एमालेबाट पर्सा–३ बाट प्रतिनिसभामा निर्वाचित गुप्ता सामान्य प्रशासनमन्त्रीमा नियुक्त भएका हुन् । पर्साको तत्कालीन भौराटार–६ मा २०२७ चैत २० गते जन्मिएका गुप्ता वीरगंज–११ श्रीपुर निवासी हुन् । वाणिज्यशास्त्रमा स्नातकसम्म अध्ययन गरेका गुप्ता राजनीतिसँगै व्यापार पनि गर्छन् । २०४२ देखि अखिलबाट राजनीति सुरू गरेका राजकुमारले विस. २०५१ मा युवा संघको विभिन्न पदमा काम गरेका थिए । एमालेको जिल्ला सदस्य हुँदै उनी विस. २०६६ मा पर्सा क्षेत्र नम्बर ३ को अध्यक्ष बने । लोकतान्त्रिक मधेशी संगठनको केन्द्रीय महासचिव हुँदै चितवनको सौराहामा सम्पन्न १० औँ महाधिवेशनमा केन्द्रीय सदस्य निर्वाचित भएका थिए । संसदीय राजनीतिमा पहिलो पटक उनी मन्त्री बनेका हुन् । उनी २०७० को दोस्रो संविधानसभा सदस्यमा पनि निर्वाचित भएका थिए । २०७९को संसदीय चुनाव जितेका उनी यसपटक केपी शर्मा ओली नेतृत्वको सरकारमा संघीयता कार्यान्वयन र कर्मचारी प्रशासन मामिला हेर्ने मन्त्रीका रुपमा नियुक्त भएका हुन् ।

०००० 

### माला–खादा नलगाउने मन्त्री



नवनियुक्त स्वास्थ्यमन्त्री प्रदीप पौडेलले शुभकामना दिंदा माला, खादा नभई स्वास्थ्य क्षेत्र सुधारका सुझाव दिन आग्रह गरेका छन् । सोमबार स्वास्थ्य तथा जनसंख्यामन्त्रीको शपथ लिएपछि मन्त्रालय पुगेका पौडेलले माला र खादा लगाउन अस्वीकार गरेका हुन्।

'बधाइ दिन आउनु हुने सम्पूर्णप्रति मेरो सम्मान छ । यहाँहरुको सल्लाह सुझाव मैले विभिन्न रूपबाट लिने नै छु,' उनले भनेका छन्, 'शुभकामना दिन आउनुहुने सबैमा माला, खादा, उपहार जस्ता चिज नल्याइदिनु हुन अनुरोध गर्दछु । स्वास्थ्य क्षेत्रको सुधारका लागि आवश्यक थप सहयोग सल्लाह र सुझावको अपेक्षा गर्दछु ।' मन्त्री पौडेललाई स्वागत गर्न मन्त्रालयमा स्वास्थ्य सचिव, मन्त्रालयका कर्मचारी, अस्पताल निर्देशकको भीड लागेको थियो ।

०००० 

### भन्ने स्वास्थ्य, हुने खानेपानी



नवनियुक्त खानेपानीमन्त्री प्रदीप यादवले पदभार ग्रहण गरेका छन् । सोमबार पदभार ग्रहण गर्न मन्त्रालय पुगेका मन्त्री यादवलाई कर्मचारीहरूले स्वागत गरेका थिए । जनता समाजवादी पार्टी (जसपा) का नेता यादव पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा छोटो समय स्वास्थ्य तथा जनसंख्या मन्त्री बनेका थिए । यसका लागि अशोक राईले ७ सांसदसहित जसपा नेपाल विभाजन गर्नु परेको थियो । वैशाख २३ गते जसपा नेपाल फुटेर जसपा बनेपछि उनी स्वास्थ्यमन्त्री बनेका मात्र थिएनन्, ओली सरकारमा पनि आफैँ स्वास्थ्यमन्त्री हुने बताउँदै आएका थिए । तर ओली सरकारमा उनको भाग खानेपानी मन्त्रालयमा परेको छ । उनले पर्सामा पनि आफैँ स्वास्थ्यमन्त्री हुने बताउने गरेका थिए । यसअघि उनले स्वास्थ्यमन्त्री हुँदा नारायणी अस्पताललाई एक अर्ब रुपैयाँ बजेट आउने भनेर आस्वासन दिन भ्याएका थिए । पछि रकम नपरेपछि यसपटक उनी स्वास्थ्यमन्त्री दोहोरिने कुरा उनले गर्न भ्याए पनि जनताले पत्याइसकेका थिएनन् । नभन्दै उनी स्वास्थ्यजस्तो महत्वपूर्ण मन्त्रालयबाट खानेपानीतिर पुगेका छन् । उनी तेस्रोपटक मन्त्री भएका अनुभवी युवा नेता हुन् ।

०००० 

### प्रदेशमा रोकेर संघमा प्रवक्ता

लमजुङबाट प्रतिनिधि सभा सांसद बनेका नेकपा



एमालेका उपमहासचिव पृथ्वीसुब्बा गुरुङ सूचना तथा सञ्चार प्रविधिमन्त्री बनेका छन् । गण्डकी प्रदेशका पहिलो मुख्यमन्त्री बनिसकेका गुरुङले २०७९ को निर्वाचनमा नेकपा माओवादी केन्द्रका महासचिव देव गुरुङलाई पराजित गरेका थिए । तर उनी त्यतिखेर पनि प्रदेशमै उठ्न चाहन्थे । तर प्रधानमन्त्री एवम् पार्टी अध्यक्ष केपी ओलीलाई गण्डकीमा खगराज अधिकारीलाई मुख्यमन्त्री बनाउनु थियो । त्यसैले गुरुङलाई संघमा उठाए । विसं २०३४ सालदेखि राजनीतिमा सक्रिय गुरुङ पार्टीभित्र खरो र प्रष्ट बोल्ने नेताका रूपमा चिनिन्छन् । यिनै गुरुङ त्यतिखेर प्रदेशमा मुख्यमन्त्रीमा दोहारिन रोकिए पनि अहिले ओली सरकारकै प्रवक्तासमेत हुने गरी सञ्चार मन्त्री बनेका छन् । विज्ञान विषयमा स्नातक गुरुङ शुरुमा शिक्षण पेसामा थिए । २०२७ सालमा ईशानेश्वर प्रमोद हाइस्कुल, भोर्लेटार (अनेरास्ववियूको तर्फबाट) स्वतन्त्र विद्यार्थी युनियन सचिव बनेका थिए । प्रदेशका अधिकारका विषयमा लड्ने बलियो नेताका रूपमा उनलाई अहिले पनि पार्टीभित्र चिनिन्छ ।

०००० 

### घरेलु मैदानबाट विश्वासपात्र



नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओलीको गृहजिल्ला झापाका नेता देवेन्द्र दाहालले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयको जिम्मेवारी पाएका छन् । दाहाल राष्ट्रिय सभामा एमाले संसदीय दलको नेताको जिम्मेवारीमा छन् । राष्ट्रिय सभाका तत्कालीन संसदीय दलका नेता खिमलाल भट्टराईले राजीनामा गरेपछि दलको विधान, २०७७ बमोजिम ओलीलाई दाहाललाई मनोनित गरेका थिए । नेकपा एमाले झापाका अध्यक्ष हुँदै उनी केन्द्रीय सदस्य बनेका थिए । झापाको दमक निवासी दाहाल २०५६ मा नेपाली कांग्रेसका डा. गोपाल कोइरालासँग पराजित भएपछि काठमाडौँ केन्द्रित भए । उनले ओलीको सचिवालयमा पनि काम गरिसकेका छन् । यसअघि एमालेकै सांसद रघुवीर महासेठले नेतृत्व गरेको मन्त्रालय दाहालले पाएका छन् । दाहालले २०४१ सालमा तत्कालीन मालेको पार्टी सदस्य सदस्यता लिएका थिए ।

०००० 

### २० औँ पटक मन्त्री


विसं. २०२८ सालदेखि सक्रिय राजनीति गर्दै आएका लोकतान्त्रिक समाजवादीका नेता शरदसिंह भण्डारी २० औँ पटक मन्त्री बनेका छन् । असार १७ गते नेकपा एमाले र नेपाली कांग्रेसको गठबन्धन बनेपछि प्रधानमन्त्री पुष्पकमल दाहाल असार २८ मा सत्ताबाट



बाहिरिएका थिए । यस्तोमा एमाले र कांग्रेसको गठबन्धनलाई पनि महन्थ ठाकुर नेतृत्वको लोसपाले साथ दिएको थियो । त्यही साथको गुण तिर्दै नयाँ प्रधानमन्त्री केपी शर्मा ओलीले एक मन्त्री पद लोसपालाई दिएका हुन् । लोसपालाई ओलीले गुण तिर्दा अध्यक्ष महन्थ ठाकुरले शरदसिंहलाई नै फेरि मन्त्री बनाए । उनी फेरि श्रममन्त्री बने । लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)का वरिष्ठ नेता भण्डारी विगत ३७ वर्षयता फरक–फरक व्यवस्था र दलको नेतृत्वमा गठन भएका मन्त्रिपरिषद्हरुमा मन्त्री बन्दै आएका छन् । भण्डारी २०४३ मा पहिलो पटक सहायकमन्त्री हुँदा पञ्चायती व्यवस्था थियो । पुख्र्यौली थलो पोखराका भण्डारी २०३८ र २०४३ मा महोत्तरीबाट राष्ट्रिय पञ्चायत सदस्य भए ।

०००० 

### पदभारमै कर्मचारीको अवरोध



नवनियुक्त प्रधानमन्त्री केपी शर्मा ओली नेतृत्वको सरकारमा कांग्रेसका रामनाथ अधिकारी कृषि तथा पशुपन्छी विकास मन्त्री बनेका छन् । उनले सोमबार पद तथा गोपनीयताको शपथ लिएका छन् । तर, कर्मचारीको आन्दोलनका कारण उनी पदभार ग्रहण कार्यक्रम प्रभावित बनेको छ । धादिङ–२ बाट प्रतिनिधि सभामा निर्वाचित भएका अधिकारीलाई पद बहालीका लागि मन्त्रालय पुग्दा प्रवेशद्वारमै अवरोध भएको थियो । कृषि तथा पशुपन्छी विकास मन्त्रालयको प्रवेशद्वारमा एक सयको हाराहारीमा कर्मचारीले वृत्ति विकासको माग गर्दै १६ दिनदेखि धर्ना दिँदै आएका छन् । नवनियुक्त मन्त्री अधिकारी कार्यभार सम्हाल्नका लागि १६ दिनदेखि धर्नामा बसेका कर्मचारी अवरोध बनेका थिए । उनले पदभार ग्रहण गर्नु अघि नै आन्दोलनरत कर्मचारीको सामना गर्नु प¥यो । यद्यपि, उनले आन्दोलित कर्मचारीलाई भेटेर समस्या समाधानको आश्वासन दिएका छन् ।

०००० 

### देउवाका ६ मन्त्री

नेपाली कांग्रेसमा मन्त्रीको भागवण्डा गजबले भएको छ । सभापति शेरबहादुर देउवा संस्थापन पक्षले ६ जना मन्त्री आफ्नो राखेको छ । कांग्रेसको भागमा परेका ९ मध्ये ६ जना मन्त्री आफ्नो पक्षबाट देउवाले पठाएका हुन् । प्रकाशमान सिंह, रमेश लेखक, आरजु देउवा, ऐनबहादुर शाही, अजय चौरसिया र दीपक खड्का सभापति पक्षधर मन्त्री हुन् ।

**स्वास्थ्य**

# नाइरोबी फ्लाईको आक्रमण

मौरी जस्तो देखिने रातो–कालो रंगको नाइरोबी फ्लाई नेपालमा फेरि सक्रिय भएको छ । नाइरोबी फ्लाईले टोक्ने होइन तर शरीरको कुनै भागमा बसेको अवस्थामा छुँदा, थिचिँदा वा मिचेको अवस्थामा 'पेडेरिन' नामक विषाक्त रसायनले छालामा जलन पैदा गर्छ, फोका उठ्छ, घाउ हुन्छ र दाग बन्छन् । १२ देखि ३६ घण्टामा यस्तो देखिन्छ ।

रसायन आँखामा परे (मुख्यतया विषाक्त रसायन लागेको हातले आँखा चिलाउँदा) रातो हुने, चिलाउने, जलन हुने, सुन्निने हुने गर्छ । यस्तो अवस्थालाई 'नाइरोबी आँखा' भन्ने पनि गरिन्छ । सामान्यतया छालामा देखिने समस्या एकदेखि चार हप्तासम्ममा निको हुँदै जान्छ । तर ब्याक्टेरियाको संक्रमण देखिए चिकित्सकको परामर्शमा औषधि लिनु नपर्ने हुनसक्छ ।

**बच्न के नगर्ने, के गर्ने ?**

–हातले नछुने, नथिच्ने वा नमिच्ने
– उज्यालोमा नाइरोबी फ्लाई आकर्षित हुने भएकोले बत्तीमुनि काम नगर्ने वा आराम नगर्ने
– राति झुलभित्र सुत्ने
– शरीरमा लामो बाहुला भएको लुगा लगाउने
– झ्यालढोकामा जाली राख्ने वा अनावश्यक खुल्ला नराख्ने
– यदि नाइरोबी फ्लाई शरीरको छाला वा लुगामा बसेको रहेछ भने बिस्तारै नछोइकन टक्टकाएर वा फुकेर खसाल्ने वा हातले नछोइकन कुनै चीज (जस्तै ब्रस, काठ वा अरु समान) को सहायताले झार्ने
– यदि हातले नाइरोबी फ्लाई छोएको अवस्थामा तुरुन्त साबुन पानीले हात धुने
पेडेरिन विषाक्त छालामा छेड्ने प्रक्रिया बिस्तारै हुने भएकाले छिटो साबुन पानीले हात धुँदा धेरै हदसम्म विषाक्त रसायन पखालिएर जाने र छालामा कम हानि पुग्छ ।



# किन गएनन् जसपा नेपाल र जनमत सरकारमा ?




**वीरेन्द्र रमण**
**जनकपुरधाम ।**
पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत लिने क्रममा विपक्षमा मतदान गरेको चार मधेश केन्द्रित दलमध्ये दुई दल मात्रै केपी ओली नेतृत्वको सरकारमा सहभागी भएका छन् । दुई दल भने सरकारमा सहभागी भएनन । ओली नेतृत्वको सरकारमा लोकतान्त्रिक समाजवादी पार्टीका नेता शरतसिंह भण्डारी २०औँ पटक मन्त्री बन्दै श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीका रुपमा सहभागी भए भने जनता समाजवादी पार्टी नेपालबाट विभाजित भएर बनेको जनता समाजवादी पार्टीका दुई मन्त्रीसहित सरकारमा सहभागी भए । पार्टीबाट खानेपानी मन्त्री प्रदीप यादव बने भने महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमन्त्री नवलकिशोर साह सुडी बने । तर सरकारमा जसपा नेपाल र जनमत पार्टी सहभागी देखिएन ।
संघमा बनेको गठबन्धनमा जसपा नेपाल सहभागी रहे पनि मधेशमा भने विपक्षमा छ । मधेश प्रदेशमा नेपाली कांग्रेस, नेकपा एमाले, जनमत पार्टी र लोसपासहितको गठबन्धनको विपक्षमा छ । त्यसकारण संघ सरकारमा सहभागी हुदा नकारात्मक सन्देश जाने कारणले जसपा नेपाल संघ सरकारमा सहभागी भएन । अर्कातर्फ विभाजित पार्टी नै सरकारमा सहभागी भएपछि जसपा नेपाल सरकारमा जान हच्किएको हो ।
जसपा नेपालका प्रवक्ता मनिष सुमनले प्रचण्ड नेतृत्वको सरकार बर्हिगमन आफूहरुको प्रमुख मुद्दा रहेको बताउँदै सरकारमा सहभागी हुने विषय आफूहरुको लागि कुनै चासोको विषय नै नभएको बताए । उनले भने, 'तत्कालीन प्रधानमन्त्री दाहालले आफ्नो पार्टी विभाजन गर्न भूमिका खेलेका कारण दाहाललाई प्रधानमन्त्रीबाट हटाउन भूमिका खेलेको सरकारमा सहभागिताका विषयमा आफूहरुको कुनै चासो छैन ।' 'सरकारको स्थायित्व, संविधान संशोधनका लागि निर्माण हुँदा आफूहरुले उठाएको संविधान संशोधनको मुद्दा समावेश हुन्छ कि भन्ने आधारमा वर्तमान गठबन्धनलाई सहयोग गरेका छौँ,' सुमनले भने, 'मधेशमा हामीले यसै गठबन्धनको पक्षमा समेत रहेका कारण सरकारमा सहभागी आफूहरुको कुनै मुद्दा छैन ।'
जनमत पार्टीले समेत संघीय सरकारमा सहभागिता आफूहरुका लागि प्राथमिकतामा नरहेकाले सरकारमा सहभागी नभएको जनाएको छ । जनमत पार्टीका प्रवक्ता डा.शरदसिंह यादवले मधेश प्रदेश आफूहरुको प्राथमिकतामा रहेको बताउँदै मधेश प्रदेश सरकारको नेतृत्व गर्न पाएको र यसै आधारमा वर्तमान सरकारलाई सहयोग गर्ने र गठबन्धनमा सहभागी भएको बताए । उनले भने, 'मधेश प्रदेश आफूहरुको प्राथमिकतामा रहेकाले संघीय सरकारमा सहभागिताको विषय आफुहरुको लागि चासोको विषय होइन, यसको अर्थ हामी गठबन्धनको विपक्षमा छौँ भनिएको होइन ।'

# भण्डारी २० पटक मन्त्री हुँदा लोसपा फुट्दै




**मधेशदृष्टि**
**महोत्तरी ।**
एमाले–कांग्रेस गठबनधनको सरकारमा सामेल भएकै दिन लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) विभाजनको संघारमा पुगेको छ । लोसपा अध्यक्ष महन्थ ठाकुरले सरकारमा वरिष्ठ नेता शरतसिंह भण्डारीलाई पठाएपछि पार्टीभित्र असन्तुष्टि चर्किएको हो । असन्तुष्ट पक्षले पार्टी विभाजनको तयारी गरिरहेको स्रोतको दाबी छ । स्रोतका अनुसार, लोसपाका नेता तथा सहअध्यक्ष सर्वेन्द्रनाथ शुक्लाले यसको नेतृत्व गरिरहेका छन् । लोसपा महासचिव मुकेश झाका अनुसार पार्टी विभाजन हुने अवस्थामा पुगिसकेको छ । मधेश प्रदेशका नौ सांसदमध्ये चार र लुम्बिनी प्रदेशका ३ जनाले शुक्लालाई साथ दिने महासचिव झाले बताए । लोसपा पदाधिकारीमध्ये २७ जना आफूहरूको साथमा रहेको उनको दाबी छ ।
सहअध्यक्ष शुक्लाले पार्टीभित्र असन्तुष्टि बढेको स्वीकार गरे । 'पार्टी विभाजन भइसकेको छैन तर अवस्था त्यस्तै सिर्जना भएको छ,' उनले भने । अध्यक्ष ठाकुरले मन्त्री चयन गर्ने निर्णय न्यायोचित ढङ्गले नगरेको आरोप लगाउँदै शुक्लाले भने, 'बैठकमै उपस्थित नभएका व्यक्तिलाई मन्त्री बनाइएको छ । यसको मतलब पहिलादेखि नै निर्णय गरेर राखिएको थियो ।' पहिलादेखि निर्णय गरेर मन्त्री चयन गर्ने तय भइसकेको थियो भने बैठक गर्ने नाटक किन गरेको भन्ने उनको प्रश्न छ । यस सम्बन्धमा आफूले पार्टीभित्रका अन्य साथीहरूसँग सरसल्लाह गरिरहेको उनको भनाइ छ । उनले भने, 'विभिन्न जिल्लाबाट नेता तथा कार्यकर्ता सम्पर्कमा आइराखेका छन्, अब के गर्ने भन्ने विषयमा छलफल गरेरमात्रै अगाडि बढ्छौँ ।'

# सिडिओको आदेश अटेर

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
कार्यकाल समाप्त भएको ६ महिना बितिसक्दा समेत जनकपुर अञ्चल पेट्रोलिय ढुवानी व्यवसायी संघका अध्यक्ष किशुनदेव साहले निर्वाचन गर्न अस्वीकार गर्दै आएका छन् । पेट्रोलियम डिलर्स एसोसिएसन जनकपुरधामका अध्यक्षसमेत रहेका साहले निर्वाचन गर्न अटेर गरेपछि जिल्ला प्रशासन कार्यालय धनुषाले पत्र काटेको १५ दिनभित्र निर्वाचन प्रक्रिया सम्पन्न गर्न निर्देशन दिँदा पत्र बुझ्न आनाकानी गर्दै आएको रहस्य बाहिरिएको छ । ढुवानी संघका अध्यक्षसमेत रहेका साहको कार्यकाल माघ २१ गते समाप्त भएको र निर्वाचन गराई नयाँ कार्यसमिति निमार्णका लागि पटकपटक ताकेता गर्दा सुनवाइ नगरेपछि संघआवद्ध व्यवसायीले निर्वाचनका लागि जिल्ला प्रशासन कार्यालय धनुषामा निवेदन दिएका थिए । जिल्ला प्रशासन कार्यालय धनुषाले जेठ २३ गते ढुवानी संघलाई विधानअनुसार १५ दिन भित्र निर्वाचन सम्पन्न गराउन निर्देशन दिएको थियो ।
धनुषा प्रशासनले पत्र काटे पनि बुधबार संघले पत्र बुझ्न अस्वीकार गर्दै भोलिपल्ट आउन भनेका थिए । पत्र लिएर बिहीबार पुग्दा पत्र बुझ्न अस्वीकार गरेपछि हुलाकमार्फत पत्र पठाइन लागिएको संघआवद्ध व्यवसायी हुकुमदेव साहले जानकारी दिए ।

# संविधान समयको मागअनुसार परिवर्तन हुन्छः दाहाल



**अनिलकुमार घिमिरे**
**सिरहा ।**
संविधानविद् काशीराज दाहालले समय, काल, परिस्थिति र समयको मागअनुसार संविधान परिवर्तन हुने बताएका छन् । सिरहाको कर्जन्हा नगरपालिकास्थित बाबाताल पर्यटकीय क्षेत्रमा आयोजित पर्शुराम शकुन्तला स्मृति सेवा प्रतिष्ठान र बाबाताल चुरे संरक्षण सम्बद्र्धन समितिको संयुक्त आयोजनामा आयोजित कार्यक्रममा दाहालले यस्तो बताएका हुन् । २०७२ सालमा जारी नेपालको संविधान विश्वकै उत्कृष्ठ संविधानमध्ये एक रहेको बताउँदै दाहालले यति हुदाहुदै पनि संविधानमा अझ धेरै कुरा समेट्न जरुरी रहेको बताए ।
संविधानविद् दाहालले भने, 'विश्वका धेरै मुलुकका संविधानका धाराहरु पटकपटक परिवर्तन भएका छन् । त्यसैले नेपालमा पनि आदिवासी, जनजाती, दलित, उत्पीडित, सिमान्तकृत, मधेशीहरुको माग, मुद्धा र अधिकार संविधानमा निर्दिष्ट गरिएको छैन भने त्यो गरिनुपर्छ ।'
प्रतिष्ठानका संरक्षक रामप्रसाद दाहालको अध्यक्षता सप्पन्न कार्यक्रममा कर्जन्हा नगरपालिकाका मेयर भोला पोखरेल, उपमेयर लक्ष्मी श्रेष्ठ, वडाध्यक्ष प्रकाश कोइराला, सो क्षेत्रका वन प्रमुख रेन्जर मोहबत आबेद इस्तिहाक, विभिन्न सङ्घ संगठनका पदाधिकारीलगायत स्थानीयको उपस्थित रहेको थियो । सो अवसरमा विभिन्न प्रजातिका बिरुवाहरु रोपिएको थियो भने 'बोल्दैन फोटो' कृतिले पर्यटन प्रवद्र्धनमा सहयोग पुग्ने चर्चा गरिएको थियो ।

## सिमलताल घटनाः
# पीडित परिवारलाई पालिकाद्वारा सहयोग

**मधेशदृष्टि**
**रौतहट ।**
नारायणगढ मुग्लिङ सडकखण्ड अन्तर्गत सिमलतालमा पहिरो गएर बेपता बससँगै बेपत्ता भएका पीडित परिवारलाई रौतहटका गरुडा र परोहा नगरपालिकाले आर्थिक सहयोग गरेको छ । दुर्घटनामा पौडेर बाच्न सफल गरुडा ९ सिसवाका जुगेश्वर राय यादवको घरमा पुगेर मेयर कन्थमणि जैसवालले परिवारलाई धैर्य धारणको कामना गर्दै तत्कालको लागि २५ हजार नगद तथा खाद्यान्न हस्तान्तरण गरेका हुन् । मेयर जैसवालले समस्यामा परेका परिवारको स्वास्थ उपचारलगायत आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए । यादवले बसको क्याविनबाट हामफालेर आफ्नो ज्यान जोगाए पनि उनको परिवारको चार जना सदस्य बेपत्ता भएका छन् ।
त्यस्तै परोहा नगरपालिकाका मेयर शेख वकीलले नगरक्षेत्र अन्तर्गतका पहिरोमा बेपत्ता तीन परिवारलाई नगदसहित खाद्यान्न सामाग्री सहयोग गरेका छन् । पहिरोमा बेपत्ता भएका वड़ा ४ लौकहा पोखरियाका ओमराज कुमार साह, वडा नम्बर ६ बसंतपट्टीका ऋषि कुमार सिंह र वडा नम्बर ९ रामपुर खापका सिकिन्दर दासको परिवारलाई तत्काल जनहि ११ हजार नगद, ५० हजारको चेक तथा खाद्यान्न सामाग्री सहयोग गरिएको परोहाका प्रमुख प्रशासकीय अधिकृत मोहम्मद महफूज अहमदले जानकारी दिए । पहिरोमा रौतहटको गरुडा, कटहरिया, बौधिमाई, र परोहा नगरपालिकाका दर्जन बढी मानिस बेपत्ता भएका छन् ।

# नदीमा डुबेका ३ बालकमध्ये दुईको उद्धार एक बेपत्ता

**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको पूर्विभेग गढीमाई नगरपालिका वडा नम्बर ३ लक्ष्मीपुर घाटस्थित बागमती नदिमा नुहाउने क्रममा डुबेको तीन जना बालकमध्ये दुई जनाको उद्धार भएको छ भने बेपत्ता एक जना बालकको खोजीकार्य जारी रहेको छ । बिहानै देखि लागेको चर्को घामले अत्यधिक गर्मि लागेर सोमबार दिउँसो स्थानीय हस्बुदिन कवाडीको छोरा बर्ष १० को सफर कवाडी र केशर कवाडीको छोरा बर्ष १२ को सयदुल्ला कवाडी बर्ष ८ को सफर कवाडी गाउँ छेउको बागमती नदीमा नुहाउन गएका थिए ।
नदीमा पौडी खेल्ने क्रममा तीनै जना बालकहरू पानीमा डुबेपछि स्थानीयले सयदुल्ला कवाडी र हसर कवाडीलाई पानीबाट निकालेर तत्काल उपचारको लागि गरुडातर्फ पठाइएको थियो ।
हस्बुदिन कवाडीको छोरा बर्ष



१० को सफर कवाडी नदीमा बेपता भएको छ । घटनाको खबर लगत्तै सशस्त्र प्रहरी सुरक्षा बेश समनपुरका सई सत्य नारायण माझीको कमाण्डमा ७ जनाको टोली, प्रहरी चौकी बरियारपुरबाट असई बिन्देश्वर यादबको कमाण्डमा ३ जना र स्थानीयद्धारा खोजी कार्य हुँदा पनि सोमबार साँझसम्म बेपता बालक फेला परेको छैनन् । पछिल्लो सूचनाको आधारमा सशस्त्र प्रहरी ११ गणबाट इन्स्पेक्टर भुवन घिमिरेको कमाण्डमा १० जना बोड सहित, सुरक्षा बेस सन्तपुरबाट असई कृष्णनन्दन रायको कमाण्डमा ७ जना, सुरक्षा बेस दुधियाभारबाट २ जना र सुरक्षा बेस भलोहियाबाट ४ जना लगायत ३० जनाको टोलि परिचालन गरेर बेपत्ता बालकको खोजी कार्य भइरहेको सशस्त्र प्रहरी रौतहटका प्रमुख एसपी बिक्रम हुमागाईंले बताए । उद्धार भएका दुई जना बालकको अवस्था खतरामुक्त रहेको एसपी हुमागाईंले जानकारी दिए ।

# फरार अभियुक्तलाई गोली हानी पक्राउ

**मधेशदृष्टि**
**सर्लाही ।**
चोरी डकैतीलगायत अपराधका घटनाहरुमा संलग्न रहेका एक जना व्यक्तिलाई प्रहरीले गोली प्रहार गरेर नियन्त्रणमा लिएको छ । सर्लाहीको लालबन्दी नगरपालिका–२ बस्ने ४० वर्षीय बीजेन्द्र पासवनलाई प्रहरीले घुँडामुनि गोली हानेर पक्रराउ गरेको हो । उनलाई खोजतलासको क्रममा आइतबार राति साढे १० बजेतिर महोत्तरीको सोनमा गाउँपालिका–५ खैरवनीस्थित सर्लाही र महोत्तरी सिमाना सितलपुर भन्ने स्थानबाट नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय महोत्तरीका प्रवक्ता डीएसपी संतुलालप्रसाद जयसवारले जानकारी दिए ।
डीएसपी जयसवारका अनुसार खोजीको क्रममा फेला परेपछि उनलाई पक्राउ गर्न खोजिएको थियो । तर, उनी भाग्न खोजेपछि घुँडामुनि गोली हानेर नियन्त्रण लिएको डिएसपी जयसवारले बताए । गोली लागेर घाते पासवानको प्रादेशिक अस्पताल जलेश्वरमा उपचार भइरहेको छ । प्रहरीका अनुसार पासवान लामो समयदेखि बारा, सर्लाही, महोत्तरी, सिराहा र सिन्धुली लगायत सीमा पारी भारतमा पनि पटक–पटक डकैतीमा संलग्न भएको पाइएको छ ।

# प्रहरीकै 'इशारा'मा ग्रामीण भेगबाट...

प्रहरी कार्यालय पोखरिया आएका इन्स्पेक्टर ढकालले तस्करसँग सेटिङ गर्न सफल भएका छन् । शुरुमै केही तस्कर र दलालहरुसँग हिमचिम बढाएका इन्स्पेक्टर ढकालले तस्करलाई 'दिलखुश' भएर तस्करीको 'लाइन' दिएका हुन् ।
इन्स्पेक्टर ढकालले तस्करीको लाइन दिएपछि उनी मातहतका प्रहरी युनिटको मिलोमतोमा तस्करहरुले प्रसौनीभाठ्ठा सिमानाका हुँदै भारतबाट घरायसी सामान, चिनी, चामल, मैदा, काजु, चकलेट, बच्चाले पिउने पाउडर दूध, हर्लिस, बिस्कुट, कुर्मुरे, पास्ता, आलुप्याज, फलफूल, तरकारी, माछा, प्रतिबन्धित औषधी, पानमसला, राजनिवास रजनीगन्धा, पराग, सुर्तीजन्य पदार्थ, लुगा धुने डिटर्जेन्टदेखि कुखुराको चल्ला, तयारी ब्वइलर कुखुरा र राँगाभैँसीसम्मको कारोबारलाई गति दिएका छन् । कुनै पनि बेला तस्करी बन्द हुन सक्ने भन्दै लाइन पाएका बेला तस्करहरुले तस्करी धन्दालाई बेहिसाब गति दिएर तस्करी गरिरहेका छन् ।
यस्तै, लत्ताकपडाका थान तथा तयारी पोशाक, जुत्ता–चप्पल, कस्मेटिक्स, भाँडाकुँडाका सामान, इलेक्ट्रिक पार्टस्, मोबाइल पार्टस्, हार्डवेयर, मेसिनरी पार्टस्, पानी तान्ने मोटर, मलखाद तथा केमिकल फर्टिलाइजरलगायतका सामान पनि यतिखेर राजस्व मार्दै आरामसँग तस्करको साथमा रहेर प्रहरीको स्कर्टिङ जस्तै गरेर नेपाल भित्रिइरहेको छ । नेपालबाट चैँ स्थानीय घरेलु मदिरा र कम गुणस्तर भएको लिची, कस्तुरी, सोफीलगायतका रक्सी भारत पठाउन कारोबारीहरुलाई भ्याइनभ्याइ छ । यस्तै, प्रहरीले तस्करलाई अपत्यारिलो ढंगमा सहजीकरण गरिदिएपछि दिनभर तस्करीका सामान प्रसौनीभाठ्ठा गाउँमा भन्डारण गरेर राति पिकअपमा लोड गरी नेपालका विभिन्न ठाउँमा पठाउने काम भइरहेको छ ।
यस्तै, नेपालको तुलनामा भारतीय पेय पदार्थ सस्तो भएकाले भारतीय कोक, प्m यान्टा, स्प्राइट, म्यांगो जुसलगायतका पेय पदार्थ तस्करहरुले नेपाली बजारमा ल्याइरहेका छन् । यसले एकातिर राजस्व मारिरहेको छ । अर्कातिर नेपाली उत्पादनलाई मार पारिरहेका छन् । इलाका प्रहरी कार्यालय पोखरिया मातहतका प्रहरी चौकी धोरे, प्रसौनीभाठालगायतको प्रहरी युनिटको मिलोमतोमा तस्करीका सामान प्रसौनीभाठ्ठा गाउँमा भण्डारण हुने गरेको छ । जब अरु साँझ परेपछि सुत्ने तर्खर गर्छन् । त्यसपछि तस्करहरु पिकअप गाडी लिएर पुग्छन् र लोड गरी पठाउन थाल्छन् । नजिकका प्रहरी कार्यालयहरु नदेखे झैँ गर्छन् ।
प्रसौनीभाठ्ठा सीमानाकाबाट प्रहरी प्रशासनले तस्करीका लागि मौखिक लाइसेन्स बाँडे झैँ लाइन क्लियर गरिदिएपछि तस्करहरुले खुलेयाम दिनदहाडै भन्सार छलेर अवैधरूपमा भारतीय सामान तस्करी गरी पर्साका ग्रामीण बजार पोखरिया, केहुनिया, महुवन बजार, विश्रामपुर, डकैला, निचुटा, देउरिया, बढनिहार, रंगपुर, परवानीपुर र जीतपुरलगायतका ठाउँमा सञ्चालनमा रहेका पसलमा दिने गरेका छन् । भारतसँग जोडिएको पर्साको ग्रामीण बजारका अधिकांश पसलहरु सरकारका कुनै निकायमा दर्ता छैनन् र त्यसमा पनि ९० प्रतिशत चोरीतस्करीबाट भित्रिएका भारतीय सामान बेचबिखन हुने गरेको छ । तर सम्बन्धित निकायको यस्तो गम्भीर विषयमा सामान्य ध्यान पुग्न नसकेर हो या 'आकर्षक महिनावारी'को मोहले हो, सबै 'तैँ चुप–मै चुप'मा देखिन्छन् ।

# सीमाका विषयमा पहिलेजस्तो झगडा गर्नुपर्दैनः परराष्ट्रमन्त्री



*‘हामो नागरिक अरुको देशमा बसिरहेका छन्, कतिले नागरिकता लिए, कतिले व्यापार गरेर बसेका छन्, कोही पढ्दैछन् । उनीहरूका लागि हामीले के गर्न सक्छौं, हामीले रिभ्यू र रिथिंक गर्नुपर्नेछ ।’*

**मधेशदृष्टि**
**वीरगंज ।**
परराष्ट्रमन्त्री आरजु राणा देउवाले सीमा समस्याहरू तथ्य र प्रमाणका आधारमा समाधान हुने बताएकी छन् । सोमबार पदभार ग्रहण गर्दै उनले सीमाका विषयमा पहिलेजस्तो सीमास्तम्भ हेरेर मात्र निर्णय गर्नु नपर्ने बताइन् । ‘पहिलाभन्दा अहिले हामीसँग धेरै सूचना छ । अहिले जीआईएस छ, स्याटेलाइट इमेजरी छ,’ उनले भनिन्, ‘बोर्डरहरूमा पहिलाजस्ते यो पिलर यहाँ थियो, त्यो पिलर त्यहाँ थियो भनेर झगडा गर्नुपर्दैन, तथ्यमा आधारित हुने हो भने सीमा समस्या समाधान हुन्छ ।’

कालापानी, लिम्पियाधुरा र लिपुलेकको समस्या कसरी समाधान गर्नुहुन्छ ? भन्ने प्रश्नमा उनले भूगोल, इतिहास र जीपीएस नक्साका आधारमा समस्या समाधान गर्न सकिने बताइन् । उनले आफू जादु र चटकमा विश्वास नगर्ने भन्दै भूराजनीतिक विषय जटिल हुने धारणा राखिन् । मन्त्री राणाले विदेशमा बसोबास गर्ने नेपालीका लागि धेरै काम गर्न आवश्यक रहेको बताइन् । ‘हामो नागरिक अरुको देशमा बसिरहेका छन्, कतिले नागरिकता लिए, कतिले व्यापार गरेर बसेका छन्, कोही पढ्दैछन् । उनीहरूका लागि हामीले के गर्न सक्छौं, हामीले रिभ्यू र रिथिंक गर्नुपर्नेछ,’ उनले भनिन् । विगतमा आफूले क्यानेडियन दूतावासमा काम गर्दा उनीहरूले आफ्ना नागरिकको संरक्षणका लागि के गर्छन् भन्ने थाहा पाएको परराष्ट्रमन्त्री राणाले बताइन् । अन्तर्राष्ट्रिय निकायहरूमा नेपालीको उपस्थिति कम रहेको भन्दै उनले अहिले आफ्नो व्यक्तिगत क्षमतामा मात्र नेपालीले अन्तर्राष्ट्रियस्तरमा उचाइ हासिल गरेको बताइन् । त्यसमा राज्यको स्तरबाट पहल गर्ने उनको भनाइ छ । परराष्ट्रमन्त्री राणाले परराष्ट्र सम्बन्धलाई सबै मिलेर सुदृढ गर्दै लैजानुपर्नेमा जोड दिएकी छन् । उनले भनिन्, ‘यो ठूलो सेना भएको देश पनि होइन, हामी पञ्चशीलमा विश्वास गर्ने देश हौं । यो जिम्मेवारीलाई अघि बढाउन पनि भूमिका खेल्नुपर्ने देखिन्छ । यो पोलिटिक्स पहिलाको भन्दा भिन्दै भएर गइरहेको छ । अहिले पनि हामी सबै मिलेर अन्तर्राष्ट्रिय सम्बन्धलाई विस्तार गरेर लैजानुपर्छ । देशको समृद्धिमा पनि परराष्ट्र मन्त्रालयले धेरै ठूलो भूमिका खेल्नसक्छ । विभिन्न देशसँग पनि हामीले दौत्य सम्बन्ध राखेका छौं ।’

## ‘विपिन जोशीलाई फिर्ता ल्याउने पहल थाल्छु’

*नवनियुक्त परराष्ट्रमन्त्री आरजु राणाले सन् २०२३ अक्टोबर ७ मा प्यालेस्टाइनस्थित विद्रोही समूह हमासले अपहरण गरी बेपत्ता बनाएका कञ्चनपुरका नेपाली युवा विपिन जोशीको खोजी गरिने बताएकी छन् । यसअघिका परराष्ट्रमन्त्री एनपी साउद र नारायणकाजी श्रेष्ठले पनि जोशीको खोजीमा पहल गरेका थिए । तर दुवै मन्त्रीले विपिनको अवस्था पत्ता लगाउन सकेनन् । अब नयाँ परराष्ट्रमन्त्री राणाले पनि हमासले इजरायलमा आक्रमण गरेपछि अपहरण गरि बेपत्ता विपिनको खोजी गरी फिर्ता ल्याउन पहल गर्ने बताइन् । कृषि अध्ययन गर्न इजरायल पुगेका विपिनको अहिलेसम्म अवस्था खुल्न सकेको छैन । गाजा क्षेत्रलाई इजरायली सेनाले करिब ध्वस्त बनाइसक्दा पनि विपिनसहित अपहृत डेढ सय बढीको अवस्था खुल्न सकेको छैन ।*




# प्रभु साहको पहलमा धनसर जंगलसैया सडक कालोपत्रे

**मधेशदृष्टि**
**रौतहट ।**
जिल्लाको धनसर–जंगलसैया–कटहरिया सडक कालोपत्रे भएको छ । रौतहट–३ का सांसद एवम् आम जनता पार्टी(आजपा)का अध्यक्ष प्रभु साहले ‘सडक बढाओ–सडक बचाओ’ अभियान अन्तरगत सो सडक मुआब्जा र बजेट बिना नै बर्षौ पहिले ट्र्याक खोलिएको थियो । धनसर–जंगलसैया सडक १४ किलोमिटरको रहेको छ । यसमा १२ किलोमिटर जंगल रहेको छ ।

१२ मिटर चौडाईको यो सडकको ट्र्याक २०७५ सालमा खोलिएको थियो । वन कार्यालयको अनुमति विना नै १२ किलोमिटर सडक सर्वसाधारणको सहयोगमा ट्र्याक खोल्ने काम भएको थियो । ट्र्याक खोलेर ग्राभेल गरिएको सो सडक पाँच बर्ष पछि संसदीय रणनीतिक सडक योजना अन्तरगत दुई करोड रुपैयाँ लागतमा कालोपत्रे गरिएको छ ।

धनसर–जंगलसैया सडक हुँदै रौतहटको दक्षिणी क्षेत्रमा रहेको कटहरिया, गरुडा, मौलापुर, गौरका साथै विभिन्न ठाउँमा आउँजाउँ गर्न सजिलो हुने भएको छ ।

पूर्वमन्त्री साहको पहलमा धनसर–जंगलसैया सडक लगतात रौतहटमा ३ सय किलोमिटर भन्दा बढी सडक मुआब्जा र बजेट बिना नै निर्माण भएको छ । रौतहटमा विकास निर्माणको कार्यलाई लिएर प्रभु साहको देशैभरी मोडेलको रुपमा चित्रण गर्ने गरिएको छ । रौतहटका गौरिशंकर साहले जिल्लामा भएको बिकासलाई सबैले बिना पूर्वाग्रह नमुनाको रूपमा प्रस्तुत गर्नसक्नुपर्ने बताउँछन् । ‘असम्भवलाई सम्भव तुल्याउने प्रभु साहको विशेषता हो, यसलाई सबैले आत्मसात गर्नैपर्छ । रौतहट क्षेत्र नम्बर–३ मा मात्रै बिना बजेट बिना मुआब्जा झण्डै ३ सय किलोमिटर सडक निर्माण यसको उदाहरण हुन । यसको लागि माननिय प्रभु साहजीलाई जति सराहना गरे कम हुन्छ’ उनले भने ।

काठमाडौं–तराई मधेश फास्ट ट्र्याकको निर्माण बर्षौदेखी भईरहेको छ । अर्बौ बजेट सकि सक्यो । कहिले वनको कारण त कहिले अदालतको मुद्धा त कहिले बजेटको अभाव लगायत बिभिन्न कारणले फास्ट ट्र्याकको काम अझै सम्पन्न भएको छैन् । तर धनसर जंगलसैया सडक बनाउँन बिना बजेट र बिना मुआब्जा सडक निर्माण हुनुले इच्छा शक्ति भए बिकास असम्भव नभएको साहले बताए । देशमा अर्बौको बजेट भएर पनि बर्षौसम्म सड़क निर्माण हुन सकिरहेको छैन् ।



बिना बजेट रौतहटमा सयौं किलोमिटर सडक निर्माण सहित कालोपत्रे भएको खबर सुन्दा खुशी लागेको बताए । ‘जनप्रिय नेता प्रभु साहद्वारा संचालित सड़क बढ़ाओ–सड़क बचाओ अभियान अन्तर्गत आज भन्दा पाँच वर्ष अगाड़ी बिना बजेट आम जनताको सहयोगमा निर्माण भएको धन्सर–जंगलसैया सड़कको आज कालोपत्रे सम्पन्न भएको छ ।

पत्याउनै गार्हो हुने विधि र प्रक्रियामार्फत छोटो समयमा निर्माण भएको सड़क यति छोटो समयमा ट्र्याक देखि कालोपत्रेसम्म पुर्याउनु आफैँमा आश्चर्यको कुरा हो । यहाँ कतिपय सडकमा राज्यको अर्बौं खर्च भईसक्दा समेत बन्न नसकेको अवस्थामा रौतहटबासीका लागि खुशीको बिषय भएको छ’ साहले भने ।

## त्रिशूलीमा यात्रु र बस बेपत्ता

# १४ शव भेटिए, आठ जनाको मात्रै सनाखत



**मधेशदृष्टि**
**वीरगंज ।**
नारायणगढ–मुग्लिन सडक खण्डको सिमलतालमा पहिरोले बगाएर त्रिशूली नदीमा खसेका दुई वटा बसका यात्रुमध्ये अहिलेसम्म १४ जनाको शव भेटिएको छ । भेटिएका शवमध्ये आठ वटा शवको सनाखत भएको चितवनका प्रमुख जिल्ला अधिकारी इन्द्रदेव यादवले जानकारी दिए । उनका अनुसार ६ जनाको सनाखत हुन बाँकी रहेको छ । सनाखत भएका आठमध्ये तीन वटा शव भारतीय नागरिकका हुन् । अरू मृतक नेपाली नागरिक हुन् । सनाखत हुनेमा सर्लाहीको बरहथवा ३ बस्ने १९ वर्षीय रमितकुमार माझी, चितवनको माडी १ बस्ने २२ वर्षीय विकाश परियार, भारत सीतामणि बर्गिनिया बस्ने २८ वर्षीय ऋषिपल साह, भारत सीतामणि बेतिया बस्ने ३० वर्षीय जयप्रकाश ठाकुर र भारत बिहार बेतिया बस्ने ३० वर्षीय सजाद अन्सारी रहेका छन् । त्यसैगरी चितवन भरतपुर २२ बस्ने २३ वर्षीय सुदीप विक, बारा बिश्रामपुर–६ बस्ने ४३ वर्षीय परमानन्द पण्डित र रौतहट जमुनामाई ४ बस्ने १७ वर्षीय फिरोज रउफ मियाँको शवको सनाखत भएको छ । भेटिएका शव मध्ये चार चार पुरुष र एक महिलाको शवको पहिचान खुल्न सकेको छैन । घटनास्थल सिमलताभन्दा ५० किलोमिटर देखि एक सय किलोमिटर गण्डक ब्यारेजसम्म ती शव भेटेको हो । पहिरोले बगाएको बस र यात्रुको सोमबारदेखि इकोसाउन्डर उपकरण सहितका प्राविधिक समेत परिचालन गरेर खोजी गरिएको छ । सोमबार बिहान भेटिएका चारमध्ये दुई वटा शव गण्डक नहरको भारततर्फको क्षेत्रमा भेटिएका हुन् । खोजीका लागि ऱ्याफ्टिङ बोट, दुरबिन र पानीभित्र हेर्न मिल्ने खालका क्यामेराहरू जडान गरिएका उपकरण पनि प्रयोग गरिएका छन् । तर पानी धमिलो भएकाले पानीभित्र हेर्ने क्यामरा खासै उपयोगी नभएको खोजकर्ताहरूको भनाइ छ ।

काठमाण्डौबाट गौरतर्फ र वीरगंजबाट काठमाण्डौतर्फ गुडिरहेका दुई वटा बसलाई शुक्रवार बिहानै पहिरोले बगाएपछि त्रिशूली नदीमा खसेका थिए । ती बसमा कम्तीमा ६५ जना यात्रु चढेका जिल्ला प्रशासन कार्यालय चितवनले जनाएको छ । ६५ जनामध्ये काठमाडौँबाट गौर जाँदै गरेको बसका तीन जना यात्रु भने बाँच्न सफल भएका थिए ।

## अध्ययन गर्न समिति गठन

*नवनियुक्त गृहमन्त्री रमेश लेखकले चितवनको सिमलतालमा गएको पहिरोबारे अध्ययन गर्न समिति गठन गर्ने पहिलो निर्णय गरेका छन् । पदभारपछि सहसचिव छवि रिजालको संयोजकत्वमा समिति गठन गरेका हुन् । मितिले राहत र व्यवस्थापनबारे अध्ययन गरेर १० दिनभित्र प्रतिवेदन बुझाउनेछ ।*

## मधेशका मृतक परिवारलाई एक लाख दिने मुख्यमन्त्रीको घोषणा

मुख्यमन्त्री सतिशकुमार सिंहले त्रिशूली नदीमा बेपत्तामध्ये मधेश प्रदेशका नागरिकको परिवारलाई आर्थिक सहयोग गर्ने घोषणा गरेका छन् । मृत्यु भएको पुष्टि भएमा सम्बन्धित जिल्लाका प्रमुख जिल्ला अधिकारीको सिफारिसमा सम्बन्धित परिवारलाई १–१ लाख रुपैयाँ सहयोग उपलब्ध गराउने घोषणा मुख्यमन्त्री सिंहले गरेका हुन् । प्रहरीका अनुसार बेपत्तामध्ये धेरै यात्रु पर्सा र रौतहटका छन् । मुख्यमन्त्री सिंहले दुर्घटना अत्यन्त दुःखद रहेको भन्दै बेपत्ता यात्रुलाई खोज्न दक्ष गोताखोर परिचालन गर्न र प्रविधिको प्रयोग गर्न संघीय सरकारसँग माग गरेका छन् ।




ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट प्रा. लि.
Institute of Health Research Development Pvt. Ltd.

भर्ना खुल्यो ! भर्ना खुल्यो !! भर्ना खुल्यो !!!

मधेश प्रदेशको सबैभन्दा पहिलो २०५२ सालदेखि संचालनमा रहेको ईन्स्टिच्युट अफ हेल्थ केयर रिसर्च डेभलपमेन्ट प्रा.लि., जनकपुरधाम-४, धनुषामा शैक्षिक सत्र २०८१/०८२ को लागि स्वास्थ्य तर्फको सामान्य चिकित्सा हेल्थ असिस्टेन्ट ३ वर्षे कोर्षमा भर्ना खुलेकोले SLC/SEE पास विद्यार्थीहरुले प्रवेश परीक्षा आवेदन फारम भर्नुहोस् ।

तपसिल
१. फारम भर्ने मिति : २०८१/०३/१६ गतेदेखि २०८१/०४/१३ गते दिउँसो २ बजेसम्म
२. प्रवेश परीक्षा मिति : २०८१/०४/१९ गते, बिहान ८ बजे
३. सम्पर्क स्थान : ईन्स्टिच्युट अफ हेल्थ रिसर्च डेभलपमेन्ट, प्रा.लि., जनकपुरधाम-५, धनुषामा, कर्मचारी संचयकोष कार्यालयदेखि (करिब ५० मिटर) दक्षिण
☎ ०४१-४२२६७९/९८४६०७३३००/९८४४२२०९६८/९८४४०५३९५५/९८२७८३४१८४
नोट:- यस ईन्स्टिच्यूटमा २०५२ साल देखि अ.हे.व./अ.न.मी. कार्यक्रमहरु साथै २०७१ सालदेखि सामान्य चिकित्सा H.A. ३ वर्षे कार्यक्रम संचालनमा रहेको समेत जानकारी गराईन्छ ।
- प्रिन्सिपल

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका-१३, पर्सा, मोबाइल नं.-९८५५०२१२८१, कार्यालयः जनकपुरधाम-२, भानुचोक, किशोरी नगर, फोन नं.-०४१-५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन